मिति: २०८०।०२।०२ , बैठक संख्या - १६

आज मिति २०८०।०२।०२ गते मङ्गलबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०७९/८० को सोह्रौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

१. **अध्यक्ष** : श्री समर बहादुर अधिकारी ……………………………………………………………

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ……………………………………………………………

३. वडा अध्यक्ष : श्री सन्तोष लिङ्देन ……………………………………………………………

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ……………………………………………………………

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ……………………………………………………………

६. वडा अध्यक्ष : श्री धनपति गिरी ……………………………………………………………

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ……………………………………………………………

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ……………………………………………………………

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ……………………………………………………………

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ……………………………………………………………

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ……………………………………………………………

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मग्राती ……………………………………………………………

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई ……………………………………………………………

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ……………………………………………………………

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा ……………………………………………………………

१६. **सदस्य सचिव** श्री टापेन्द्र कुमार लिम्बु ……………………………………………………………

१७.आमन्त्रित सदस्य श्री लक्ष्मी चुहान……………………………………………………………

१८.कार्यालय सहयोगी श्री बजेन्द्र पुरी……………………………………………………………

मिति: २०८०।०२।०२ , बैठक संख्या - १६

**प्रस्तावहरु:-**

१. पुजिँगत परामर्श सेवाको लागि योजना छनौट सम्बन्धमा।
२. अस्थायी प्रशासकीय भवनको म्याद थप सम्बन्धमा।
३. **Lumpy Skin Disease** सम्बन्धमा।
४. आर्थिक सहायता सम्बन्धमा।
५. विविध सम्बन्धमा।

क. "सुत्केरी आमा सँग उपाध्यक्ष कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०" छलफल तथा स्वीकृति सम्बन्धमा।

ख. पूर्ण खोप सञ्चालन सम्बन्धमा।

ग. विद्यालय स्वास्थ्य समन्वय समिति गठन सम्बन्धमा।

घ. न्यूनतम सेवा मापदण्ड सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरूको व्यवस्थापन सुदृढिकरण समिति गठन सम्बन्धमा

ङ. प्रदेश सरकारबाट प्राप्त महिला समूहलाई विउँ-पूजी सहायता सम्बन्धमा।

च. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा।

छ. योजना कार्यान्वयन सम्बन्धमा।

ज. १ नं. देखि ७ नं. वडाहरूको योजनाहरूको समिक्षा सम्बन्धमा।

झ. गाउँपालिका भित्र सञ्चालन भएका ढुंगा गिट्टी बालुवा उत्खनन नियन्त्रण सम्बन्धमा।

ञ. कृत्रिम पोखरी निर्माणको लागि सिफारिस गर्ने सम्बन्धमा।

ट. ७ नं. वडा भवनमा मेसीनरी वाल निर्माण सम्बन्धमा।

मिति: २०८०।०२।०२ , बैठक संख्या - १६

**निर्णय नं. १**

हिलिहाङ गाउँपालिकामा आ.व. ०७९/०८० मा विनियोजित पुँजिगत परामर्श सेवा शिर्षकबाट खर्च हुने डिपिआर गर्ने प्रयोजनका लागि देहायका बमोजिमका पालिकाका दिर्घकालीन महत्वका देहायको योजनाहरु छनौट गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

| क्र.सं. | सडकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | जोरपोखरी, गाउँसार, सुम्लीबुङ सिम्लेचोक भालुखोप सिज्याङथुङ हुँदै तमोर करिडोर जोड्ने मोटर बाटो | हिलिहाङ- ५ | |
| २. | खेलमैदान डि.पि.आर. निर्माण | हिलिहाङ-१ | |
| ३. | मृदुङ्गा झरना डि.पि.आर. निर्माण | हिलिहाङ- ३,४ र ५ | |
| ४. | पिङडाँडा सालघारी साम्माङघा मोटर बाटो डि.पि.आर. निर्माण | हिलिहाङ-६ | |
| ५. | कबर्ड हल डि.पि.आर. निर्माण | हिलिहाङ-४ | |
| ६. | सल्लेरी कोलभोटे मोटर बाटो डि.पि.आर. निर्माण | हिलिहाङ-७ | |

**निर्णय नं. २**

हिलिहाङ गाउँपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत हिलिहाङ गाउँपालिका वडा नं. ४ मा निर्माण भइरहेको अस्थायी प्रशासकीय भवनको ठेक्काको म्याद मिति २०८०।०१।३० मा सकिएकोले सोको म्याद थपका लागि ठेकेदारबाट निवेदनमा सार्वजनिक खरिद (एघारौं संशोधन) नियमावली, २०६४" को नियम १२० को उपनियम २(क) बमोजिम आगामी २०८० जेठ १० गतेसम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३.**

लामखुट्टे तथा झिंगाको टोकाईबाट सरुवा भइ गाइ भैंसीमा देखा पर्ने **Lumpy Skin Disease** नेपालका विभिन्न भूभागमा महामारीको रुपमा फैलिरहको अवस्था छ। जुन रोग हिलिहाङ गाउँपालिकामा समेत देखिएको किसान तथा पशु प्राविधकको रिपोर्ट आएकोले उक्त महामारीबाट बच्न तत्काल उपाय अवलम्बन नगरिएमा यस गाउँपालिकामा समेत महामारीको रुप लिने अवस्था भएकाले हिलिहाङ गाउँपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत प्रकोप व्यवस्थापन कोषबाट रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख रूपैयाँ मात्र) प्राविधिक लगत अनुमान बमोजिम औषधी तथा औषधीजन्य सामाग्री खरीद गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३**

"हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गर्दा हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ को मापदण्ड बमोजिम भएका निवेदनहरूमा मापदण्ड बमोजिमको रकम र मापदण्ड बाहेकको अन्य विपन्न परिवारको व्यक्तिहरूलाई रोग तथा घटनाको प्रकृति हेरी जनही रु. १०,०००/- (अक्षरेपी दश हजार रूपैयाँ) आर्थिक सहायता रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

मिति: २०८०।०२।०२ , बैठक संख्या - १६

**निर्णय नं. ४.**

**क.** "सुत्केरी आमा सँग उपाध्यक्ष कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०" छलफल तथा स्वीकृति सम्बन्धमा।

नेपाल सरकारको आधारभूत स्वास्थ्य सेवा अन्तर्गत मातृ तथा नवशिशु सेवा कार्यक्रमको आमा सुरक्षा तथा नवशिशु स्याहारमा मातृ मृत्यु तथा नवजात शिशु मृत्युदर कम गर्न साथै घरैमा प्रसुति हुने कार्यलाई न्युनीकरण गर्ने (जिरो होम डेलिभरी) उद्धेश्यका साथ सुरक्षित संस्थागत प्रसुति सेवा र सुत्केरी आमालाई पोषण सेवा कार्यक्रम सञ्चालनार्थ "सुत्केरी आमा सँग उपाध्यक्ष कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०" लाई स्वीकृत गरी कार्यान्वयन गर्ने/गराउने सर्वसम्मत पारित गरियो।

**ख.** पूर्ण खोप सञ्चालन सम्बन्धमा।

हिलिहाङ गाउँपालिकालाई पूर्ण खोप सुनिश्चिता पालिका घोषणा गर्न मिति २०८०।०२।०३ गतेदेखि २०८०।०२।०७ गतेसम्ममा पालिका भित्रका ७(सात) वटै वडालाई पूर्ण खोप सुनिश्चिता पालिका घोषणा गर्ने र पालिकालाई पूर्ण खोप सुनिश्चितता पालिका घोषणा गरिने कार्यक्रम तय भएको हुँदा जिल्ला खोप समन्वय समिति पाँचथरलाई अनुमति माग गर्ने सर्वसम्मत निर्णय गरियो।

**ग.** विद्यालय स्वास्थ्य समन्वय समिति गठन सम्बन्धमा।

पालिका भित्रका सामुदायिक विद्यालयहरूका लागि "विद्यालय स्वास्थ्य समन्वय समिति" तपसिल बमोजिम गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

१. स्थानीय तहमा सामाजिक विकास क्षेत्र हेर्ने कार्यपालिकाका सदस्य- श्री सुष्मा लावती **संयोजक**

२. कार्यक्रम सञ्चालन भएको सामुदायिक विद्यालयका प्र.अ. मध्येबाट गा.पा. अध्यक्षले तोकेको एक जना- श्री भिमा भण्डारी **सदस्य**

३. विद्यालय नर्स मध्येबाट स्थानीय तहले तोकेको एक जना - श्री रञ्जिता वि.क. **सदस्य**

४. प्रमुख, स्थानीय तहको शिक्षा शाखा- श्री केशव प्रसाद तिम्सिना **सदस्य**

५. प्रमुख, स्थानीय तहको स्वास्थ्य शाखा- श्री चन्द्र प्रसाद शर्मा घिमिरे **सदस्य सचिव**

**घ.** न्यूनतम सेवा मापदण्ड सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरूको व्यवस्थापन सुदृढिकरण समिति गठन सम्बन्धमा।

"स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड (HP MSS) कार्यान्वयन अभिमुखिकरण मार्गदर्शन २०७६/०७७" बमोजिम स्थानीय तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरूको व्यवस्थापन सुदृढीकरण समिति तपसिल बमोजिम गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः-**

| **क्र.सं.** | **नामथर** | **पद** | **कैफियत** |
|---|---|---|---|
| १. | श्री समर बहादुर अधिकारी | संयोजक | |
| २. | श्री दुर्गा न्यौपाने | सदस्य | |
| ३. | श्री टोपेन्द्र कुमार लिम्बु | सदस्य | |
| ४. | श्री धनपती गिरी | सदस्य | |
| ५. | श्री निम्की भोटिया भोटिनी | सदस्य | |
| ६. | श्री चन्द्र प्रसाद शर्मा घिमिरे | सदस्य-सचिव | |

**ङ.** प्रदेश सरकारबाट प्राप्त महिला समूहलाई विउँपूजी सहायता सम्बन्धमा।

मिति: २०८०।०२।०२ , बैठक संख्या - १६

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट जारी भएको "विपन्न, दलित, जनजाति र सीमान्तीकृत महिलाहरूका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०७८" बमोजिम विपन्न, दलित, आदिवासी जनजाति, मधेसी र सीमान्तीकरणमा परेका महिलालाई समूहगत रूपमा सीप विकास तालिमका माध्यमबाट मूलतः कृषि तथा पशुपालन व्यवसायमार्फत आर्थिक सशक्तिकरण गर्दै आत्मनिर्भर बनाउने हेतूले हिलिहाङ गाउँपालिका स्थित वडा नं. ५ मा लक्षित महिलाको छनौट गरी समूहगत रूपमा निःशुल्क व्यवसाय सम्बन्धी सीप विकास तालिम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**च.** "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा।

"घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५" को दफा २ (१) बमोजिम प्रकृया पूरा गरी कार्यालयमा पेश भएको "तिम्बुङवरक निर्माण सेवा प्रा.लि." लाई "घ वर्गको इजाजतपत्र" प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**छ.** योजना कार्यान्वयन सम्बन्धमा।

आ.व. २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमानुसार हिलिहाङ गाउँपालिका अन्तर्गत "सल्लेरी एकचेप्पा तमोर करिडोर" बजेट शीर्षकबाट उक्त क्षेत्रको डि.पि.आर. गर्ने सर्वसम्मत निर्णय गरियो।

**ज.** १ नं. देखि ७ नं. वडाहरूको योजनाहरूको समिक्षा सम्बन्धमा।

आ.व. २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमानुसार वडा नं. १ देखि वडा नं. ७ सम्मका योजना तथा कार्यक्रमहरूको प्रगतिको अवस्था तथा समस्याको विषयहरूमा सम्बन्धित वडाका वडा अध्यक्षहरूबाट रिपोर्टिङ भयो। सम्पन्न हुन बाँकी योजना तथा कार्यक्रमहरूलाई तत्काल सम्पन्न गर्ने प्रतिवद्धता समेत जाहेर गरियो।

**झ.** गाउँपालिका भित्र सञ्चालन भएका ढुंगा गिट्टी बालुवा उत्खनन सम्बन्धमा।

हिलिहाङ गाउँपालिकाका विभिन्न क्षेत्रहरूमा अवैध रूपमा ढुंगा, गिट्टी तथा बालुवा उत्खनन भईरहेको पाइएकोले तत्काल उक्त क्षेत्रहरूमा रोक लगाउने तथा आगामी दिनहरूमा उत्खनन गर्नु परेमा गाउँपालिकाको अनिवार्य रूपमा स्वीकृति लिनुपर्ने।

**ञ.** कृत्रिम पोखरी निर्माणको लागि सिफारिस गर्ने सम्बन्धमा।

हिलिहाङ गाउँपालिका भित्रका पानीको मुहान संरक्षण र सुख्खा क्षेत्रमा कृत्रिम पोखरी निर्माण कार्यको लागि कार्यक्रम समावेशको लागि डिभिजन वन कार्यालय फिदिम, पाँचथर मार्फत पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

ट. ७ नं. वडा भवनमा मेसीनरी वाल निर्माण सम्बन्धमा।

हिलिहाङ गाउँपालिका वडा नं ७ को वडा भवन निर्माणको लागि तेह्रौं गाउँसभाबाट रु ५०,००,०००/- (अक्षेरेपि पचास लाख रूपैयाँ) विनियोजन भई ठेक्का प्रणालीमार्फत उक्त आयोजना सञ्चालनको लागि सूचना आव्हान गरिएकोमा रु.३४,०२,९५६।०० (अक्षेरेपि चौतिस लाख दुई हजार नौ सय छपन्न मात्र) मा ठेक्का प्रणालीमा लागेको हुँदा बाँकी रहेको रकमबाट योजना अनुगमन समितिको संयोजक तथा उपाध्यक्ष श्री सुमित्रा उप्रेती सेडाईज्यू संयोजक लगायत वडा अध्यक्ष तथा प्राविधिक टोलीले गरेको स्थलगत अनुगमन गर्दा उक्त भवनको नजिकै पछाडि पट्टी जोखिमयुक्त भिरालो जमिन रहेको र बर्खायाम नजिकिएसँगै उक्त स्थानमा पहिरो गई भवनलाई क्षति पुग्ने देखिएकोले अनुगमन समितिको प्रतिवेदन बमोजिम रु.१०,००,०००/- (अक्षेरेपि दश लाख रुपैयाँ) रकमले उक्त मेसिनरी वाल निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो।